## सामुदायिक विद्यालयमा विद्यार्थी तान्दै पैयू गाउँपालिका

# सबै आधारभूत विद्यालयका विद्यार्थीलाई दिवा खाजा

अर्थ वीट सम्बाददाता/पर्वत

स्थानीय तहहरूले करको दायरा बढाउँदै जाँदा आलोचना भईरहेको बेला जिल्लाको पैयू गाउँपालिकाले भने चालु आर्थिक बर्षमा सबै आधारभूत विद्यालयका विद्यार्थीलाई दिवा खाजाको ब्यवस्था गर्ने भएको छ ।

सामुदायिक विद्यालयहरूमा शैक्षिक गुणस्तर सुधार गर्नका लागि विशेष अभियान गाउँपालिकाले सञ्चालन गर्ने भएको हो । गाउँपालिको आर्थिक बर्ष २०७५/७६ को बजेटमा आधारभूत तहका विद्यार्थीहरूलाई दिवा खाजाको ब्यवस्था गाउँपालिकाले नै गरेको छ । गाउँपालिका अध्यक्ष खगेन्द्र तिवारीका अनुसार विद्यार्थीहरूलाई विद्यालयमा आकार्षित गर्नका लागि दिवा खाजाको ब्यवस्था गरिएको हो ।

सामुदायिक विद्यालयमा भन्दा नीजि विद्यालयहरूमा विद्यार्थीको आकर्षण पछिल्लो दिनहरूमा बढ्दै गएको छ । नीजि विद्यालयहरूमा बढ्दै गएको आकर्षणका कारण सामुदायिक विद्यालयहरू भने रित्तो हुने खतरा पनि बढिरहेको छ । गाउँपालिका अध्यक्ष तिवारी भन्छन-'शिक्षालाई हामीले प्राथमिकतामा राखे बजेट निर्माण गरेका छौं' ! उनले गाउँपालिका भित्रका सबै विद्यालयहरूको शैक्षिक, भौतिक सुधारमा समेत गाउँपालिका तयार रहेको बताए ।




चालु आर्थिक बर्षमा गाउँपालिका भित्रका आधारभूत विद्यालयहरूमा सञ्चालन गरिने दिवा खाजाका लागि गाउँपालिकाले १२ लाख रकम विनियोजन गरेको छ । गाउँपालिका भित्रका ७ वटै वडाहरूमा सञ्चालनमा रहेका विद्यालयहरूका विद्यार्थीलाई दिवा खाजाको ब्यवस्थापन उक्त रकमबाट गरिने गाउँपालिकाका कार्यकारी अधिकृत उज्वल शर्मा बताउँछन । उनले गाउँपालिकाको दोस्रो गाउँ सभाबाट विनियोजन भएको बजेटको परिधि र नीति भित्र रहेर उक्त रकम खर्च गरिने बताए । गाउँपालिका प्रति विद्यार्थी रू १५ रूपैया पर्ने गरी खाजा वापतको शीर्षकमा उक्त रकम खर्च गर्ने छ ।

गाउँपालिकाले नीति गत रूपमा नै यस्तो अभियान सञ्चालन गरेको हो । गाउँपाकिलाको दोस्रो गाउँ सभामा प्रस्तुत

*बाँकी पेज ६ मा*